## Legal Challenges In The UK And European Courts

The Ministry of Defence's (MOD) arrangements for Gurkha pensions have been upheld in the face of three legal challenges at Judicial Review since 2003. The judgment in the most recent Judicial Review comprehensively rejected the argument that Gurkha pension arrangements were irrational, or unfair or discriminatory on grounds of age or race, or that changes in the immigration rules had undermined the UK MOD's position on the calculation of pension entitlements earned before 1 July 1997. The use of 1 July 1997 as a watershed in the pension arrangements was also upheld.

Following the substantive dismissal of their Appeal against this judgment the litigants were refused permission to appeal to the Supreme Court and pursued their case through the European Court of Human Rights (ECtHR). The case went to the ECtHR in April 2014 and the Court made its ruling on 15 September 2016. In dismissing the case the ECtHR considered that any difference in treatment had been objectively and reasonably justified. The judgment and press release on the case can be found under quick links at http://www.echr.coe.int/Pages/home.aspx?p=home&c=

The British Government's approach to pension matters is shaped by the long standing principle held by successive Governments that individuals qualify for pensions according to the rules of that pension scheme at the time that an individual qualifies for their pension. Successive Governments have also held to a general principle of not introducing improvements to public sector pension or compensation schemes retrospectively.

The ECtHR judgment builds on the debate in Parliament on the Inquiry held by the All Party Parliamentary Group on Gurkha Welfare where there was no support for changes to Gurkha pensions, and the response of the Government to the Inquiry report.

The British Government has always sought to treat ex-Gurkhas fairly. The Courts have once again confirmed that the Gurkha Pension Scheme is good and fair. Gurkhas are amongst the best and the bravest and we will continue to honour and reward their commitment and sacrifice under our existing arrangements.

## युके र युरोपियन् अदालतहरुमा भएका मुद्‌दाहरुका सम्बन्धमा

२००३ देखि यता सम्पन्न भएका जुडिषियल रिभिउले तीन वटा मुद्‌धामा गोर्खा पेन्शन उपर रक्षा मन्त्रालयको प्रावधानहरुलाई सदर गरेको छ। पछिल्लो जुडिषियल रिभिउको फैसलाले गोर्खा पेन्शनका प्रावधानहरु यूक्तिसंगत छैनन अनि नश्ल वा उमेरका आधारमा अनुचित र विवेधपूर्ण छ, वा अध्यागमन सम्बन्धी नियममा आएको परिवर्तनले पेन्शन आंकलन गर्दा १ जुलाई १९९७ भन्दा अगाडिको सेवा अवधीको सन्दर्भमा सो मितीलाई लिएर गरिने अडानलाई फितलो बनाउदछ भन्ने दाबीलाई नकार्यो। १ जुलाई १९९७ लाई पेन्शन प्रावधानका सन्दर्भमा प्रयोग गरिनुलाई सदर गर्‍यो।

सो फैसला उपर अपिल गर्ने सुबिधा वादी पक्षलाई प्राप्त भएन र उनीहरुलाई सर्बोच्च अदालतमा अपिल दायर गर्नका लागि अनुमति पनि प्राप्त भएन, र उनीहरुले युरोपियन् कोर्ट अफ ह्युमन राइट्‌समा अप्रिल २०१४ मा मुद्‌दा दायर गरे। त्यसको फैसला १५ सेप्टेम्बर २०१६ मा भयो। उक्त मुद्‌दालाई बदर गर्दै सो अदालतले गोर्खाहरुलाई गरिने ब्यवहारमा कुनै अन्तर भए सो तटस्थ अनि यथोचित रुपमा भएको कुरालाई सावित गर्‍यो। सो फैसला बिषयक जारी भएको प्रेस बक्तब्यलाई यो लिन्क मार्फत पठन गर्न सक्नुहुन्छ: http://www.echr.coe.int/Pages/home.aspx?p=home&c=.

पेन्शनबारे सरकारको दृष्टिकोण बिगतका सरकारहरुले लगातार अंगीकार गर्दै आएका दीर्घकालिन सिद्दान्तबाट प्रेरित छ, जुन सिद्दान्तले पेन्शनको हकमा ब्यक्ति सेवामा बहाल रहेको बेलामा लागू पेन्शन अन्तर्गत प्रचलित नियम अनुरुप नै पेन्शनको हकदार हुनेछ। सोही मान्यता अनुरुप बिगतका सरकारहरुले तत अवस्थामा लागू पेन्शन तथा क्षतिपूर्ती सम्बन्धी स्किमहरु माथि कुनै फेरबदल ल्याएनन।

युरोपियन् कोर्ट अफ ह्युमन राइट्सको फैसलाले अल पार्टी पार्लियामेन्टरी ग्रुपले गोर्खा कल्याण सम्बन्धी गरेको जांचबुझको सिलसिलामा पार्लियामेन्टमा भएको बहसलाई आधार मानेको छ, जुन बहसले गोर्खा पेन्शनमा अनि उक्त जांचबुझको प्रतिबेदन उपर सरकारले दिएको प्रत्युत्तरमा परिवर्तन ल्याउन नपर्ने कुराको ठहर गर्‍यो।

ब्रिटिश सरकारले अवकाश प्राप्त गोर्खाहरुलाई सबै हालतमा न्यायोचित तरिकाले ब्यवहार गर्दै आएको छ। अदालतहरुले फेरि पनि गोर्खा पेन्शन स्किम एउटा उत्तम तथा न्यायसंगत स्किम हो भन्ने कुरालाई स्थापित गरेका छन्। गोर्खाहरु सर्बश्रेष्ठ अनि सर्बबीरहरु मद्धे पर्नुहुन्छ तथा ब्रिटिश सरकारले उनीहरुको कर्मठपना र बलिदानहरुलाई प्रचलित प्रावधानहरु मार्फत सदैब आदर तथा पुरस्कृत गर्नेछ।